# २ ख्रीष्ट र मोशाको वयवस्था

*<u>यस अध्यायका मूल पदहरू:</u>* लूका २:२१-२४, प्रस्थान १३:२,१२, लूका २:४१-५२, मत्ती १७:२४-२७, व्यवस्था २२:२३,२४, यूहन्ना ८ :१-११।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "के तिमीहरूले मोशाप्रति आस्था राख्छौ? तब मप्रति तिमीहरूको आस्था हुनुपर्दछ किनभने उनले मेरै बारेमा लेखेका हुन्।" (यूहन्ना ५:४६ रूपान्तरित)।

यहूदी धर्मप्रति येशूको नकारात्मक सोचाई र सम्बन्ध थियो भनेर धेरै इसाईहरूलाई सिकाइएको पाइएको छ। त्यस्तो खालको शिक्षा गलत र दुर्भाग्यपूर्ण छन्। त्यस्तो गलत शिक्षाले गर्दा सयौं वर्षसम्म इसाईहरूले नै यहूदीहरूप्रति विद्रोही हुन सघाइएको र सघाइरहेको पाइएको छ। यहूदी आस्थालाई दुरुपयोग गरेकोले येशूले त्यसको कडा रूपमा आलोचना गर्नुभएको कुरो त सत्य नै हो। तर यहूदी धर्म आफैको विरोधमा उहाँ हुनुहुन्थेन। किनभने यहूदी धर्मको संस्थापक नै उहाँ हुनुहुन्थ्यो।

येशू आस्थावान यहूदी हुनुहुन्थ्यो भनेर सुसमाचारले दिएको उहाँको जीवन कहानी र उहाँको सेवाकार्यले देखाउँछ। येशू मानव जीवन लिएर आउनुभएको समयमा उहाँले जन्मदेखि नमरुञ्जेल यहूदी संस्कारलाई विधिपूर्वक पालन गर्नुभएको थियो।

प्रथम् शताव्दीमा रहेका अरू यहूदी जस्तै येशू पनि मोशाको व्यवस्थाको मुनी थिए। यहूदी आमाबाबुबाट नै येशू हुर्कनु भएको थियो।त्यसकारण यहूदी इतिहासको धनी सम्पदालाई येशूले पूरा सम्मान गर्नुभएको थियो। परमेश्वर आफैले विभिन्न विधिविधानहरू मोशालाई लेख्न प्रेरणा दिनुभएको थियो भनेर येशूलाई थाहा थियो। यथार्थमा परमेश्वरले त्यस्तो समाजको स्थापना गर्न चाहनुभएको थियो कि उहाँको इच्छा

पालन गर्दै र उहाँको सेवा गर्दै  सारा राष्ट्रको निम्ति त्यो उज्यालो दिने ठूलो बत्तीको खम्बा बनोस्। मोशाबाट पाएको व्यवस्थाको प्रत्येक विधि येशूले भक्तिपूर्वक पालन गर्नुभएको थियो। खतनाको समयदेखि बाऱ्ह वर्षको उमेर मन्दिरमा जानुभएको सम्म, विभिन्न चाडवाड र मन्दिरमा कर तिर्ने उहाँको धारणासम्म उहाँले यहूदी परम्परालाई सभक्तिपूर्वक पालउन गर्नुभएको थियो। जुन् परम्परा उहाँको मृत्युपछि र उहाँले स्वर्गमा गर्नुहुने सेवाकार्यले पूरा गरि त्यसको समापन गर्नुहुनेथियो।

येशूले आफैले पालन गर्नुभएको यहूदी परम्परा वा व्यवस्थाको बारेमा यस अध्यायले नियाल्नेछ।

## १. खतना र परमेश्वरमा समर्पण (लूका २:२१-२४)

परमेश्वरले अब्राहमसँग करार वा सम्झौता गर्नुभएको थियो। धेरै राष्ट्रहरूको पितापूर्खा अब्रहाम हुनेछ भनेर परमेश्वरले उनलाई भन्नुभएको थियो (उत्पत्ति १७:४)। जब परमेश्वरले अब्राहमसँग करार बाँध्नुभएको थियो त्यसबेला अब्राहम उन्नान्सय वर्षका थिए र भर्खरै उनको ल्याइतेको तर्फबाट इश्माएल जन्मेको थियो। र परमेश्वरले प्रतिज्ञा गर्नुभएको उनको र वैवाहिक पत्नी साराबाट पाउने इसहाकको जन्म अझै भएको थिएन। तर परमेश्वरले अब्राहमलाई आफू र  आफ्नो घरानाको सबै पुरुषहरूको खतना गर्न अऱ्हाउनुभएको थियो। अनि अब्राहमको घरानामा जन्मिने प्रत्येक पुरुष बालकको जन्मेको  आठ दिनमा खतना गर्ने परम्परा बसाल्न् परमेश्वरले अब्राहमलाई आदेश दिनुभएको थियो (उत्पत्ति १७:९-१२)। परमेश्वर र अब्राहमको बीचमा भएको सम्झौताको प्रतिक त्यस खतना यहूदीहरूले त्यस्तो महत्त्वपूर्णरितले लिएका थिए कि बालक जन्मेको आठ दिन शबाथमा परेपनि त्यसबेला त्यस बालकको खतना गरिन्थ्यो (लैव १२:३, यूहन्ना ७:२२)।

यस विधिले बालककालदेखि नै यहूदी धर्मप्रति येशूको आस्था कस्तो थियो भनेर देखाउँछ। तिनीहरूको पवित्र र निश्चल जीवनको निम्ति युशूफ र मरियमलाई केही हदसम्म भएपनि सांसारिक आमाबाबु

हुन चुनिएको थियो भनेर सुसमाचारका पुस्तकहरूले बताउँछन्। युशूफ "धर्मात्मा व्यक्ति" भनेर वर्णन गरिएको छ (मत्ती १:१९ रूपान्तरित)। मरियमको मामिलामा परमेश्वर उनीसँग असाध्य प्रसन्न हुनुभएको थियो भनेर बताइएको छ (लूका १:३० रूपान्तरित)। जब येशू आठ दिनको हुनुभएको थियो त्यसबेला सबै यहूदीहरूको चलन अनुसार पुरुष बालकलाई गरिने उहाँको न्वारान र खतनाको विधि अपनाइएको थियो।

सयौं वर्ष अघि आफैले सुरू गर्नुभएको विधि मानव अवतार लिएर आउनुभएको परमेश्वरको सिद्ध बालकले त्यही विधिलाई पालन गर्नुभएको बारेमा कल्पना गर्दा छक्क पर्नु स्वभाविकै हो।

देहायका पदहरूलाई तुलनात्मक रूपमा हेर्दा युशूफ र मरियमको बारेमा बताउँछ र साथै तिनीहरूको अनुकरणीय उदाहरण वर्तमान परिप्रेक्ष्यमा पनि किन समसायीक छ भनेर हामीले सिकौं। लूका २:२१-२४ " आठौं दिनमा बालकको खतना हुँदा उहाँको नाउँ येशू राखियो, जुन नाउँ उहाँ गर्भमा आउन अघि स्वर्गदूतले दिएका थिए। २२ मोशाको व्यवस्थाअनुसार तिनीहरूको शुद्ध हुने समय पूरा भएपछि तिनीहरूले उहाँलाई परमप्रभुको सामुन्ने समर्पण गर्न यरूशलेममा ल्याए, २३ जस्तो परमप्रभुको व्यवस्थामा लेखिएको छ, "पहिलो जन्मने हरेक जेठोचाहिं परमप्रभुको निम्ति पवित्र कहलाइनेछ।" २४ अनि "एक जोर ढुकुर वा परेवाको दुई वटा बचरा" भनी परमप्रभुको व्यवस्थामा भनेजस्तै तिनीहरू बलिदान चढ़ाउन आए।", प्रस्थान १३:१,२,१२ "परमप्रभुले मोशालाई भन्नुभयो, २ "इस्राएलीहरूमध्येका मानिस र पशुका गर्भका प्रथम फल, अर्थात् पहिले जन्मेका सबै नरहरूलाई मेरो निम्ति अर्पण गर्। ती मेरा हुन्।... तब हरेक गर्भको प्रथम फल परमप्रभुलाई दिनू। तिमीहरूका पशुहरूबाट पहिले जन्मेका सबै नरहरूचाहिं परमप्रभुको निम्ति हुनेछन्।" र लेवी १२:१-८ "परमप्रभुले मोशालाई भन्नुभयो, २ "इस्राएलीहरूलाई भन्: "गर्भवती भएर छोरो जन्माउने स्त्री सात दिनसम्म अशुद्ध रहनेछिन्। रजस्वलाको दिनमा झैं त्यो अशुद्धै रहनेछिन्। ३ आठौं दिनमा छोराका खलड़ीको खतना होस्। ४

त्यसपछि त्यो स्त्री आफ्नो रगत-प्रवाहबाट शुद्धीकरणको निम्ति तेत्तीस दिनसम्म पर्खनुपर्छ, र शुद्ध हुने दिन पूरा नहोउञ्जेल त्यसले कुनै पवित्र कुरा छुनुहुँदैन, अनि पवित्रस्थानभित्र पनि जानुहुँदैन। ५ तर त्यसले छोरी जन्माई भने रजस्वलाको दिनमा झैं दुई हप्तासम्म त्यो अशुद्ध हुनेछे, र आफ्नो रगतप्रवाहबाट शुद्धीकरणको निम्ति त्यो छयसट्ठी दिनसम्म पर्खनुपर्छ। ६ "त्यसका शुद्ध हुने दिन पूरा भएपछि, छोराको निम्ति होस् वा छोरीको निम्ति होस्, त्यसले होमबलिको लागि एउटा एक वर्षे थुमा र पापबलिको लागि परेवाको एउटा बचेरो वा एउटा ढुकुर भेट हुने पालको ढोकामा पूजाहारीकहाँ ल्याओस्। ७ पूजाहारीले परमप्रभुको सामुन्ने ती चढ़ाएर त्यसको निम्ति प्रायश्चित गर्नेछन्। अनि त्यो आफ्नो रगत-प्रवाहबाट शुद्ध ठहरिनेछे। "स्त्रीले छोरा वा छोरी जन्माएपछि त्यसको लागि विधिहरू यी नै हुन्। ८ थुमा ल्याउने त्यसको औकात छैन भने त्यसले दुई वटा ढुकुर अथवा परेवाका दुई वटा बचेरा" एउटा होमबलिको निम्ति र अर्को पापबलिको निम्ति ल्याओस्। यसरी पूजाहारीले त्यसको निम्ति प्रायश्चित गर्नेछन्, र त्यो शुद्ध ठहरिनेछे।"

**जब येशूको आमा हुन मरियमलाई चुनिएको थियो त्यसबेला उनी कन्या थिइन् भनेर बाइबलले स्पष्टरूपमा भन्दछ (लूका १:२७)। त्यसकारण मरियमको गर्भबाट निस्केको बालक येशू नै पहिला हुनुभएको थियो। चाहे मानिसको होस् वा चाहे घरपालुवा पशुको होस् पहिलो जन्मेको बालक वा पशुलाई परमेश्वरमा समर्पण गर्नुपर्छ भनेर इस्राएलीहरूलाई निर्देशन दिएको थियो भनेर प्रस्थान १३ले बताउँछ। पहिलो पुरुष बालक जन्माएपछि महिला चालिस दिनसम्म अशुद्ध हुन्छ भनेर लेवी १२:२-५को विधिले भन्दछ। तर केटी जन्मायो भने अस्सी दिनसम्म अशुद्ध हुन्छ भनिएको छ। त्यो अशुद्ध दिनको अन्तमा आमा हुनेले पुजारीकहाँ आउनुपर्थ्यो र बलि चढाउनुपर्थ्यो। यहूदी धर्मको परम्परा मान्ने भएकोले युशूफ र मरियम मोशाको विधिलाई नियमित**

रूपमा मानेका थिए। परमेश्वरको पुत्रको पनि करार वा सम्झौताको चिन्ह हुनुपर्छ भनेर त्यो विधि अपनाइएको थियो।

## २. यहूदी चाडबाड (यूहन्ना ५:१)

यहूदी धर्मको पात्रोमा धेरै चाडवाड वा पर्वहरू छन्। ती मध्ये सबभन्दा महत्त्वपूर्ण चाडचाहिँ सात दिनसम्म मनाउने अखमिरी रोटीको भोजको पर्व हो। इस्राएलीहरूलाई इजिप्टको दासत्वबाट स्वतन्त्र भएर निस्केको उत्सव मनाउन यो पर्वको थालनी भएको हो। त्यसले तिनीहरूको स्वतन्त्रताको सम्मान गरेको देखाउँछ। यो पर्व निस्तार चाड वा पासोओभरबाट सुरू हुन्छ। त्यो समय थियो जब मृत्युको दूतले सारा इजिप्टको  घर घर चहारेको थियो। जुन् जुन् घरको ढोकामा रगत छर्किएको थियो त्यस त्यस ढोकालाई छोड्दै रगत नभएको ढोकाको घरको पहिलो जेठो सन्तान र पशुको जिवनको सास फुस्काइ दिएको थियो। येशूले तिन पटक त्यो चाड मनाउनु भएको थियो भनेर सुसमाचारको पुस्तकहरूले दिँदछन् (लूका २:४१-४३, यूहन्ना २:१३-२३, मत्ती २६:१७-२०)।

निस्तार चाडको पचास दिन पछि शेभौत (**SHAVUOT**) पर्व आउँछ। त्यो पनि भोजको समय हो। प्रायजसो यस पर्वलाई ग्रीक भाषामा पेन्टिकोस्ट भनेर सम्बोधन गरिन्छ। बाइबलले त्यस पेन्टिकोस्टको दिन किन मनाइयो भनेर उल्लेख गरेको छैन। तर परमेश्वरले मोशालाई व्यवस्था अर्थात् विधिविधानहरू दिनुभएको उपलक्ष्यको सम्मान गर्न त्यो चाड मनाउन थालिएको हो भनेर यहूदी धर्मगुरू रब्बीहरूको विचार छ। पेन्टिकोस्टको पर्व येशूले मान्नुभएको थियो भनेर सुसमाचारका लेखकहरूले लेखा दिएको छैन। तर आफू स्वर्गमा उत्रिनु पहिला आफ्ना चेलाहरूलाई पवित्र आत्माको बप्तिस्मा नहुञ्जेल येरुशलेममा पर्खन अऱ्हाउनुभएको थियो (प्रेरित १:४,५)। खास गरेर पेन्टिकोस्टको दिनैमा येशूका चेलाहरूमा पवित्र आत्मा ओर्ल्हेका थिए (प्रेरित २:१-४)।

यहूदी पात्रोको अन्तिम पर्वचाहिँ पालहरू स्थापना गरेर मनाउने पर्व हो। त्यसलाई फिस्ट अभ बुथ (**FEAST OF BOOTH)** भनिन्छ। त्यो दिनलाई पश्चातापको दिन भनिन्छ ( **ATONEMENT)**। वर्तमान यहूदीहरूले त्यसलाई यम किपुर ( **YOM KIPPUR)** भनेर सम्बोधन गरिन्छ। त्यसलाई पवित्र मन्दिरहरूको चाड पनि भनिन्छ। इस्राएलीहरूको शिविरबाट पाप चोखिएको दिन मनाउन पश्चातापको पर्व मनाइन्छ। त्यो समयलाई परमेश्वर र मानिसहरू एक भएको दिन भनेर पनि कलाइन्छ। इस्राएलीहरू मरूभूमीमा पाल टाँगेर बसेको सम्झनामा त्यो बुथ वा पालको पर्व मनाइन्छ।

परमेश्वरले उहाँका जनहरूलाई उद्धार गर्नुभएको सम्झनामा यहूदीहरूको बीचमा दुईवटा अर्को ऐतिहासिक पर्वहरू छन्। त्यसमा पहिलोचाहिँ पुरिम (**PURIM)** पर्व हो। इस्राएलीहरूलाई मृत्युदण्डबाट राहत पाएको सम्झना त्यो पर्व मनाइन्छ। त्यो एस्थर रानीको पालादेखि सुरू भएको थियो। एस्थर रानीले आफ्ना यहूदी जनहरूको आम हत्या गर्नबाट रोक्न पर्सियाको राजालाई अनुरोध गरेकी थिइन्। दोस्रोचाहिँ हनुका (**HANUKKAH)** चाड हो जसलाई समर्पणको भोज पनि भनिन्छ (यूहन्ना १०:२२)। ईसापूर्व १६४ अर्थात् येशूको जन्मको करिब १५० वर्ष पहिले ग्रीक र सिरियन सैनिकहरूले इस्राएलमा कव्जा गरेर पवित्र मन्दिरलाई तहसनहस पारेका थिए। त्यसबेला जुडास मकावीको (खास नाउँ त होइन) नेतृत्वमा विद्रोह गरेर ती विदेशी फौजहरूलाई धपाएका थिए।

येशूको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण पछि बाइबलमा भएका कुनै पनि चाडपर्वहरू हामी मनाउँदैनौं। ती सबै चाडपर्वहरू ख्रीष्टमा समापन भएकोले नै हामी तिनीहरूलाई मनाउँदैनौं। तर तिनीहरूको बारेमा अध्ययन गरेर धेरै कुराहरू सिक्न सक्छौं। तिनीहरूबाट हामी धेरै सन्देशहरू पनि पाउन सक्छौं। किनभने ती सबै चाडपर्वहरूबाट परमेश्वरको मुक्ति दिने अनुग्रह र आफ्ना जनहरूलाई कसरी उद्धार गर्नुभयो भन्ने पाठ सिकाउँदछ।

कतिपय इसाई वा एडभेन्टिस्ट भनाउँदाहरूले पनि यहूदी चाडपर्व मनाउनु पर्छ भन्ने धारणामा जोड दिएको हामी पाउँछौं। तर यथार्थमा येशूको मृत्युपछि तिनीहरूको औचित्य समाप्त भएकोले हामीले ती चाडपर्वहरू मनाउँदैनौं। तैपनि तिनीहरूबाट परमेश्वरले के गर्नुभयो भनेर सम्झना गराउने भएकोले र हामीलाई के गर्नुभयो र हामीबाट उहाँले के अपेक्षा गर्नुहुन्छ सोको आत्मज्ञान पाउन ती चाडपर्वहरूको अध्ययन गर्न किन जरूरी छ?

## ३. पवित्र मन्दिरमा येशू (लूका २:४१-५२)

**येशूको बालककालको विषयमा नयाँ करारले विस्तृतरूपमा लेखिएको छैन। तर येशूको बालककालको बारेमा एउटा घट्ना उल्लेख गरिएको छ जसले उहाँको बालककालको स्वभाव वा चरित्रको बारेमा धेरै जानकारी दिन्छ। यो जानकारी लूका २:४१-५२मा दिइएको छ। निस्तार चाडको बेलामा येशू आफ्ना धर्मपिता युशूफ र माता मरियमसँग यरुशलेमको मन्दिरमा वार्षिक पर्वको निम्ति जानुभएको थियो। त्यसबेला के भयो सो पढ्नुहोस् र देहायका प्रश्नहरूको जवाफ दिनुहोस्:**

यहूदी धर्म वा परम्परामा धार्मिक जीवन कतिको महत्त्वपूर्ण रहेछ भनेर त्यस कथाले कसरी बिंताउँछ?

निस्तार पर्वकै बेलामा नै त्यो कथा घट्नुको उल्लेखनीय अर्थ के हो?

कति दिनसम्म येशूका आमाबाबुले उहाँलाई भेट्टाउन सक्नुभएको थिएन?

आमाबाबुको कुरा मान्ने येशू ज्ञानी बालक थियो। तर जुन जवाफ येशूले आफ्ना आमाबाबुलाई दिनुभयो झट्ट सुन्दा उनीहरूलाई हप्काएको जस्तो देखिन्छ। तर त्यसमा अत्यन्त महत्त्वपूर्ण विषयवस्तु के हो? हाम्रो जीवनमा पनि अत्यन्त महत्त्वपूर्ण प्राथमिकता के हुनुपर्छ भनेर येशूको जवाफले कसरी सिकाउँदछ?

“आफ्ना आमाबाबुको वशमा येशू रहनु" भयो भन्ने पद ५१को अर्थ के हो? हेर्नुहोस्: “उहाँका आमा-बुबा निस्तारचाड़मा प्रतिवर्ष

यरूशलेम जाने गर्थे। ४२ जब येशू बाह्र वर्षका हुनुभयो, तब उहाँहरू चाड़को रीतिअनुसार यरूशलेममा जानुभयो। ४३ चाड़का दिन सिद्धिएपछि तिनीहरू फर्कदा बालक येशू यरूशलेममै रहनुभयो। योचाहिँ उहाँका आमा-बुबाले थाहा पाएनन्। ४४ उहाँ यात्रीहरूको दलमा हुनुहुन्छ भनी ठानेर तिनीहरू एक दिनको बाटो गए। उहाँलाई तिनीहरूले नातेदार र चिनाजानाहरूका बीचमा खोजे, ४५ तर नभेट्टाउँदा तिनीहरू उहाँलाई खोज्दै फेरि यरूशलेममा फर्के। ४६ तीन दिनपछि तिनीहरूले उहाँलाई मन्दिरमा शिक्षकहरूका बीचमा बसेर तिनीहरूका कुरा सुन्दै तिनीहरूलाई प्रश्न गरिरहनुभएको भेट्टाए। ४७ सुन्नेहरू सबै उहाँको समझ-शक्ति र उहाँका उत्तरहरूमा छक्क पर्दथे। ४८ उहाँलाई देखेर उहाँका आमा-बुबा चकित भए, र उहाँकी आमाले भनिन्, "छोरो, तिमीले हामीलाई यो के गरेको? हेर, तिम्रा बुबा र म हैरान भएर तिमीलाई खोजिरहेका थियौं।" ४९ उहाँले तिनीहरूलाई भन्नुभयो, "तपाईंहरूले मलाई किन खोज्नुभएको? के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईंहरूलाई थाहा थिएन?" ५० तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन्। ५१ तब उहाँ तिनीहरूसँग नासरत जानुभयो, र तिनीहरूका आज्ञाकारी भई बस्नुभयो। उहाँकी आमाले यी सबै कुरा आफ्नो मनमा राखिन् ५२ अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो।"

## ४. कर तिर्नुपर्ने मामिलामा येशू (मत्ती १७:२४-२७)

**मोशाले दिएको विधिविधानहरूमा सामाजिक अर्थात् सरकारको ऐनकानुन र धार्मिक रीतिथितीहरूको बारेमा गत अध्यायमा छलफल गरिएको थियो। धार्मिक रीतिथिती अपनाउनुको अर्थ यहूदीहरूमा मन्दिर यहूदी धर्मको केन्द्रविन्दु हो भनेर देखाउँथ्यो।**

**येशूको जीवनकालमा यरुशलेममा भएको मन्दिर जिर्णोद्धार भइरहेको थियो। हेरोद महानले त्यस मन्दिरको पुनर्निमाण ईपूर्व २०मा सुरू गरेको थियो। तर ईस्वी सन् ६६मा मात्र त्यो निर्माण सम्पन्न**

**भइसकेको थियो। यहूदीहरू आफ्नो धर्मप्रति कत्तिको गम्भिर थिए भनेर रोमीहरूलाई थाहा थियो। त्यसकारण त्यस मन्दिरको पुननिर्माणको काम सम्पन्न हुन  रोमको सरकारले यहूदीहरूलाई आफ्नो मन्दिरको सहायताको निम्ति कर जम्मा लिन छुट गराइएको थियो। प्रत्येक बिस वर्ष नाघेको यहूदी पुरुषले आदा शेकल कर तिर्नु पर्थ्यो। चाहे गरिब होस् चाहे धनी होस् सबैले मन्दिरको निम्ति कर तिर्नुपर्थ्यो (प्रस्थान ३०:१३, ३८:२६)।**

मत्ती १७:२४-२७मा येशूले भन्नुभएको थियो, "हामीले तिनीहरूलाई रिसाउन नदिऔँ" (रूपान्तरित)। हामीहरूको जीवनमा उहाँले व्यक्तगर्नुभएको नीतिलाई लागु गर्नुपर्छ भनेर ती पदहरूमा कसरी पाउँछौं? हेर्नुहोस् कुन सन्दर्भमा येशूले त्यो कुरा व्यक्त गर्नुभएको थियोः " २४ येशू र उहाँका चेलाहरू कफर्नहुममा आइपुगेपछि मन्दिरको कर उठाउनेहरूले आएर पत्रुसलाई सोधे, "के तिमीहरूका गुरुले मन्दिरको कर बुझाउनुहुन्छ?" २५ "बुझाउनुहुन्छ, किन नबुझाउने?" पत्रुसले जवाफ दिए। पत्रुस घरभित्र पसेपछि येशूले नै कुरा निकाल्नुभयो, "ए सिमोन, तिम्रो विचार के छ? यस संसारका राजाहरूले कसबाट कर उठाउँछन्? आफ्नै छोराहरूबाट उठाउँछन् कि अरूहरूबाट?" २६ "अरूहरूबाटै उठाउँछन्," पत्रुसले जवाफ दिए। येशूले भन्नुभयो, "त्यसो भए निज छोराहरूले कर तिर्नुपर्दैन। २७ तैपनि हामी यी मानिसहरूलाई ठेस नदिऔं। तिमी जाऊ र तालमा जाल हान। सबभन्दा पहिले जालमा परेको माछो निकालेर त्यसको मुख खोल। त्यसको मुखमा तिमीले एक तोला चाँदीको पैसा भेट्टाउनेछौ। त्योचाहिँ मन्दिरको कर उठाउनेहरूकहाँ लगेर हामी दुईको कर बुझाऊ।"

**कर लिनेहरू इस्राएलका सबै शहरमा घुम्दथे जस्तो देखिन्छ। प्रत्येक पुरुषले कर तिरुन् भनेर तिनीहरूलाई खटाइएको थियो। जब कर लिने मानिसले पत्रुसलाई करको बारेमा सोधपूछ गर्दछन् त येशूले पनि नियमति रूपमा कर तिर्छन् भन्ने देखाउँछ (मत्ती १७:२४,२५)। येशू**

परमेश्वरको पुत्र हुनुभएकोले उहाँको पिताको घर बनाउन उहाँले कर तिर्न जायज छ कि छैन भनेर पत्रुसलाई येशूले सोध्नुहुन्छ।

"यदि कुनै आलोचना नगरि येशूले कर तिर्नुभयो भने उहाँले कर तिर्न जायज छ भनेर देखाउँथ्यो। यदि त्यो जायज छ भनेर आफू परमेश्वरको पुत्र हो भन्ने दावीको खण्डन हुन्थ्यो। कर तिर्नु ठीक छ भनेर उहाँले सहमती त जनाउनुभएको थियो, तर आफू परमेश्वरको पुत्र भएको हुनाले कर तिर्न बाध्य छैन भनेर देखाउन चाहनुभएको थियो। तर कर तिर्ने कानूनको विपरितमा नजान येशूले आश्चर्यतरिकाले कर तिर्नुभएको थियो। त्यसले उहाँ परमेश्वरसँग एक हुनुहुन्छ भनेर प्रमाणित गरि देखाउनुभएको थियो। राज्यको "नागरिक“ भएको हैशियतले उहाँले कर तिर्नु आवश्यक छैन भनेर पनि उहाँले देखाउनुभएको थियो।“-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ४३४बाट रूपान्तरित।

आखिरमा सरकारको नियम पालन गर्न येशू राजी हुनुभएको थियो। त्यसकारण माछाको मुखबाट पैसा निकालेर कर तिर्नु भनेर उहाँले पत्रुसालाई अऱ्हाउनुभएको थियो। एक शेकेल वा चाँदीको पैसाले येशू र पत्रुसको कर तिर्न पुग्थ्यो (तत्कालिन एक शेकेल वर्तमान नेपाली रूपैयाँमा करिब १२०० हुन आउँछ)।

जुन भव्य मन्दिर छिट्टै ध्वस्त हुनेछ (मत्ती २४:१,२) भनेर येशूले थाहा पाउँदा पाउँदै पनि उहाँले त्यस मन्दिरको जिर्णोद्धारको निम्ति कर तिर्नुभएको थियो। चर्चको सम्हाल्नको निम्ति हामीले तिर्नुपर्ने दशाँश र भेटीप्रति हाम्रो जिम्मेवारी कस्तो हुनुपर्छ भनेर येशूको त्यो नीतिले हामीलाई के सिकाउँछ?

## ५. व्यवस्था वा कानूनलाई लागु गर्ने येशूको नीति (मत्ती ५:१७-२०)

यहूदी धर्म अनुसार पुरूषले पालन गर्नुपर्ने सबै आवश्यक नियमहरू आफ्नो ज्यानलाई जोखिममा परेतापनि पूरा गर्नुभएकोले उहाँ इस्राएलको असल नागरिक हुनुहुन्छ भनेर हामीले हेऱ्यौं (उदाहरणमा

**यूहन्ना ७:१,२५,२६ र यूहन्ना १०:३१ हेर्नुहोस्)। साँच्चिक्कै भनौं भने अगमवक्ताका नियमहरू रद्द गर्ने उद्देष्य लिएर उहाँ आउनुभएको होइन भनेर उहाँले स्पष्ट पार्नुभएको थियो (मत्ती ५:१७:२०)।**

युहन्ना ८:१-११ र मत्ती १९:१-९मा के भइरहेको छ भनेर व्यवस्था २२:२३,२४ र २४:१-४ले कसरी बुझाउन खोज्दछ? हेर्नुहोस्ः यूहन्ना ८:१-११ "येशू जैतुन डाँडामा जानुभयो। २ भोलिपल्ट बिहानै येशू मन्दिरमा फर्कनुभयो। सबै मानिसहरू उहाँको वरिपरि भेला भए। येशू बस्नुभयो र मानिसहरूलाई शिक्षा दिन लाग्नुभयो। ३ धर्म-गुरु र फरिसीहरूले व्यभिचार गर्दा फेला परेकी स्त्रीलाई ल्याएर सबैको अगाडि उभ्याए। तिनीहरूले येशूलाई भने, ४ "गुरु, यो स्त्री त व्यभिचार गर्दागर्दै पक्राउमा परी। ५ हाम्रो व्यवस्थामा मोशाले यस्ती स्त्रीलाई ढुङ्गाले हानेर मार्नुपर्छ भन्ने आज्ञा दिएका छन्। तपाईंचाहिँ के भन्नुहुन्छ त ?" ६ तिनीहरूले उहाँलाई दोष लगाउने मौका पाउँछौं कि भनेर यो प्रश्न गरेका थिए। तर येशूले निहुरेर भूइँमा औंलाले लेख्नुभयो। ७ तिनीहरूले उहाँलाई घरीघरी सोधिरहे। त्यसैले येशूले तिनीहरूलाई हेरेर भन्नुभयो, "जसले कहिल्यै पाप गरेको छैन, त्यसले नै सबैभन्दा पहिले यो स्त्रीलाई ढुङ्गाले हानोस्।" ८ त्यसपछि येशूले फेरि घोप्टिएर भूइँमा लेख्नुभयो। ९ यो कुरा सुनेर तिनीहरू एक-एक गर्दै त्यहाँबाट हिंडे। पहिले बुढापाकाहरू गए। आखिरमा येशू मात्र छोडिनुभयो अनि त्यो स्त्री येशूको सामुन्ने उभिइरहेकी थिई। १० येशूले त्यसलाई हेरेर भन्नुभयो, "खोइ त, तिमीलाई दोष लाउनेहरू? कसैले पनि तिमीलाई दण्ड दिएनन् ?" ११ त्यस स्त्रीले भनी, "दिएनन् हजुर।" येशूले भन्नुभयो, "तब म पनि तिमीलाई दण्ड दिन्नँ। अब तिमी जाऊ, तर फेरि पाप नगर!", मत्ती १९:१-९ "येशूले यी कुराहरू भनिसक्नुभएपछि उहाँ गालीलबाट हिंडेर यहूदिया इलाकाको यर्दन नदीको पारि भएको भागमा जानुभयो। २ मानिसको ठूलो धुइरो उहाँको पछिपछि लाग्यो र उहाँले तिनीहरूलाई निको पार्नुभयो। ३ अनि केही फरिसीहरूले उहाँकहाँ आएर उहाँलाई कुरैकुरामा फसाउन सोधे, कसैले कुनै कारणले आफ्नी

पत्नी त्याग्नुहुन्छ कि हुँदैन?" ४ येशूले जवाफ दिँदै भन्नुभयो, "के तिमीहरूले धर्मशास्त्रमा पढेका छैनौ? सुरुमा सृष्टिकर्ताले मानिसलाई पुरुष र स्त्री गरी बनाउनुभयो। ५ 'त्यसकारण पुरुषले आफ्ना आमा-बुबालाई छोडेर आफ्नी पत्नीसँगै बस्छ र ती दुई मिलेर एउटै हुन्छन्।' ६ त्यसैले अब तिनीहरू दुई होइनन्, तर एउटै हुन् अनि परमेश्वरले जोडेकाहरूलाई मानिसले छुट्ट्याउनुहुँदैन।" ७ फरिसीहरूले उहाँलाई सोधे, "त्यसो भए किन मोशाले पत्नी त्याग्नेलाई त्यागपत्र लेखेर त्याग्नू भनेको त?" ८ येशूले जवाफ दिनुभयो, "मोशाले तिमीहरूको अट्टेरी मनको कारण पत्नी त्याग्न सकिन्छ भनेका हुन्। तर सुरुमा त त्यस्तो थिएन। ९ हेर, म तिमीहरूलाई भन्छु, व्यभिचारको दोषबाहेक पत्नीलाई त्यागेर अर्कीलाई बिहे गर्ने पुरुषले व्यभिचार नै गर्छ।", व्यवस्था २२:२३,२४ " "कुनै सहरमा अर्कासँग विवाह हुनलाई मगनी भएकी केटीसित सम्भोग गर्दै गरेको कोही भेटियो भने 24 ती दुवैलाई सहरदेखि बाहिर लगेर ढुङ्गाले हानेर मार्नू। केटी मर्नुपर्छ किनभने त्यो सहरमा थिई, जहाँ त्यसको सोर सुन्न सकिन्थ्यो, तरै पनि त्यो सहायताको लागि कराइन। त्यो मानिसलाई मार्नुपर्छ किनभने त्यसले अर्कोसित मगनी भएकी केटीसित सम्भोग गऱ्यो। यस प्रकारले तिमीहरूले यस्तो खराबीलाई हटाउनू।" र व्यवस्था २४:१-४ " "एउटा मानिसले एउटी स्त्रीलाई विवाह गर्छ तर पछिबाट उसलाई मन नपर्ने कुरा त्यसमा पाएर त्यसलाई राख्न चाहन्न भनी निश्चय गर्छ भने छुटानामको कागजपत्र लेखी त्यसलाई दिएर आफ्नो घरबाट निकाली पठाउला। २ त्यसपछि त्यस स्त्रीले अर्को मानिससित विवाह गर्छे। ३ तर यदि त्यसले पनि म यसलाई चाहन्नँ भनी निश्चय गरेर छुटनामको कागजपत्र लेखी त्यसलाई दिएर आफ्नो घरबाट निकालिदियो भने कि त त्यो दोस्रो लोग्ने आफैं मऱ्यो भने ४ पनि त्यसको पहिलो लोग्नेले त्यसलाई फेरि विवाह नगरोस् र त्यसलाई कलङ्क लागेको भनिठानोस्। उसले त्यसलाई फेरि विवाह गऱ्यो भने त्यो परमप्रभुको अघि घिनलाग्दो कुरो हुनेछ।

यस्तो डरलाग्दो पाप परमप्रभु तिम्रा परमेश्वरले तिमीहरूलाई दिन लाग्नुभएको देशमा तिमीहरूले नगर्नू।"

व्यवस्थालाई उल्लङ्घन गर्ने वा नमान्ने व्यक्ति भनेर कतिपय फरिसी पण्डितहरूलाई सधैं तोकिरहन्थे उदाहरणमा यूहन्ना ८:६ हेर्नुहोस्)। जब वेश्यावृत्तिमा लागेको स्त्रीलाई येशूकहाँ ल्याएर पछ्यारे तब तिनीहरूले येशूलाई चुनौती दिएर यो प्रश्न गरेका थिए "मोशाको अनुसार त यस स्त्रीलाई ढुङ्गाले हान भन्छ। तपाईं के भन्नुहुन्छ?" येशूले तिनीहरूको जवाफ तुरन्तै दिनु हुन्न। उहाँले मोशाको व्यवस्थालाई अनुमोदन गर्नुहुन्छ भनेर यो जवाफ दिनुहुन्छ "तिमीहरू मध्ये कसैले पाप गरेको छैन? यदि छैन भने त्यसले पहिला ढुङ्गा हानोस्" (यूहन्ना ८:७ रूपान्तरित)। त्यस महिलालाई ढुङ्गाले नहान भनिरहनुभएको छैन। तर पुरुषहरूले पनि आआफ्ना पापहरू देखुन् भनेर येशूले कर लगाउनुहुन्छ। यदि कसैले दोष भेट्टाउँदैन भने मोशाको व्यवस्थामा त्यस स्त्री सजायँ मुक्त हुन्छ भनेर लेखिएको छ। यदि त्यस स्त्रीलाई मृत्युदण्डको सजायँ दिनुपर्छ भने कमसेकम दुई साक्षी हुनुपर्छ भनेर मोशाले लेखेका छन् (व्यवस्था १७:६)।

पारपाचुके र पारपाचुके गरेकीसँग फेरि विवाह गर्ने मामिलामा येशू मोशासँग असहमत जनाउनुभएको देखिन्छ। किनभने विवाह गरिसकेपछि लोग्ने स्वास्नी छुटोस् भन्ने योजना परमेश्वरको कहिलै पनि भएको थिएन (मत्ती १९:४-६)। जब व्यवस्था २४:१-४लाई उदृध गरेर येशूलाई आफ्नो धारणा स्पष्ट गर्न बाध्य गराउँछ त उहाँले सबै थोक स्पष्ट पार्नुहुन्छ। पारपाचुके हुनुपर्छ भनेर मोशाले कहिलै पनि आज्ञा दिएको थिएन। तर मानिसहरूको हठी स्वभाव भएको कारणले, पारपाचुकेको कागज गर्न मोशाले अनुमति दिएको थियो (मत्ती १९:८)। त्यसकारण जब मोशाको व्यवस्थाप्रति नकारात्मक सोचाई गरेको भनेर जब येशूलाई आलोचना गर्दछन् त उहाँले त्यसलाई पन्छाउनुभएको छैन भनेर उहाँले देखाउनुहुन्छ। हरतरहबाट येशू निष्ठावान यहूदी हुनुहुन्थ्यो। उहाँले मोशाको व्यवस्थालाई हृदयङ्गम गर्नुभएको थियो।

जब हामीले जस्तै पापमा फसेका मानिसहरूलाई न्याय र अनुग्रह कसरी देखाउँने? त्यस्तो परिस्थितिमा दुवै न्याय र अनुग्रहलाई कसरी संतुलनमा राख्ने? मानिसको आलोचना गर्ने, मूल्याङ्कन गर्ने वा न्याय गर्ने हाम्रो स्वभाव छ। त्यो गलत स्वभाव लिएर हामीले कसैको न्याय गर्नुपर्दा त्यसप्रति हामीले कडा नीति अपनाउने कि दयालु वा अनुग्रही वा सदाशयी हुने, कुन् बाटो अपनाउने?

## उपसंहार

थप जानकारीः **यस अध्यायको निम्ति अरू जानकारी लिन चाहेमा पढ्नुहोस्ः एलेन जी ह्वाइटद्वारा लिखित** *द डिजाएर अभ एजेजको* **पृ. ४४७-४५४को "आट द फिस्ट अभ टेबरानाकल्स" र पृ. ४५५-४६२को "एमङ्ग स्नेयरस्।"**

**"धार्मिक गतिविधीको निम्ति यहूदीहरू वर्षको तिन पल्ट यरुशलेममा जानु पर्दथ्यो। मरुभुमीका यात्रामा बादलको खम्बाले घेरिनुभएका अदृष्य अगुवाले (येशू) यरुशलेममा जानुपर्ने आदेश इस्राएलीहरूलाई दिनुभएको थियो। जब यहूदीहरू पछि बेबिलोनमा दासत्वको जीवन बिताइरहेका थिए, ती चाडपर्वहरूलाई तिनीहरूले मनाउन सकेका थिएनन्। तर जब तिनीहरू आफ्नो देशमा फर्केर आए तब ती पर्वहरू फेरि मनाउन थालेका थिए। परमेश्वरको सम्झनाको निम्ति ती चाडपर्वहरू वर्षेनी पालन गरून् भन्ने उहाँको योजना थियो।"-एलेन जी ह्वाइट,** *द डिजाएर अभ एजेज,* **पृ. ४४७बाट रूपान्तरित।**

"येशूलाई आफ्नै छोरा सम्झिनु उहाँका आमाबाबुको निम्ति स्वभाविकै थियो। उहाँ सधैं तिनीहरूसँग थिए। धेरै कुराहरूमा येशू अरू बालबालिकाहरू जस्तै थिए। त्यसकारण उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर बुझ्न उहाँका आमाबाबुलाई मुश्किल थियो। संसारको मुक्तिदाताको सम्मुख रहँदा पाएका आशिष नबुझ्नु आमाबाबुको निम्ति खतरापूर्ण थियो। उहाँबाट तिन दिनको विछोड र उहाँको कोमल स्वभावले खानुपर्ने हप्काईले तिनीहरूमाथि विश्वास गरिसुम्पिएको जिम्मेवारी कत्तिको पवित्र

रहेछ भनेर बराबर सम्झन सहयोग भएको थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ८१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. प्रभु येशूले बनाउनुभएका विभिन्न व्यवस्थाहरूको अचम्मको सत्यको बारेमा सोच्नुहोस्। जब उहाँ आफै मानव अवतार लिनुभयो उहाँले आफैलाई ती व्यवस्थाको मुनी राख्नुभयो। परमेश्वरको चरित्रको बारेमा त्यसले हामीलाई के बताउँछ?

आ. तपाईं आफैलाई युशूफ र मरियमको ठाउँमा राख्नुहोस्। येशूको सेरोफेरो बुझ्न तिनीहरूलाई कस्तो कठिन थियो होला कल्पना गर्नुहोस्। येशूको बारेमा धेरै कुराहरू बुझ्न के अहिले पनि हामीलाई कठिन छैन र? जान्नुपर्ने सबै कुरा नथाहापाएतापनि परमेश्वरमाथि भरोसा राख्न र उहाँको मार्गमा हिँड्न कसरी सिक्ने?

इ. हामीले यहूदीका विभिन्न चाडपर्वहरू मान्नु पर्छ भनेर केही इसाईहरूले गरेको तर्कलाई तपाईंले के भन्ने? हुनसक्छ तिनीहरूलाई नै यस्तो प्रश्न गरेर जवाफ दिन सक्छ होला: "तपाईले त्यो चाड कसरी मनाउनु हुन्छ? यरुशलेमको मन्दिर केन्द्रविन्दुभएको ती चाडपर्वहरू अब त्यस मन्दिर ध्वस्त भइसकेको थियो। येशूको मृत्युपछि बलिप्रथाको पनि अन्त भइसकेको थियो। त्यसकारण यहूदी चाडपर्व मनाउनुको औचित्य फेरी छ र? (यही सन्दर्भमा १ पत्रुस १:१८-२५ पनि पढ्नुहोला)।